आज मिति २०७७/१०/२७ गते भीमेश्वर नगरपालिकाका नगरप्रमुख भरत बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ६५ औं बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी.........................नगर प्रमुख
श्री कमला बस्नेत .......................नगर उप प्रमुख
श्री मान बहादुर खड्का.....................प्रमुख प्रसासकिय अधिकृत
श्री बिर बहादुर थामी .....................वडा अध्यक्ष भी.न.पा. १
श्री विराजमान श्रेष्ठ ................... वडा अध्यक्ष भी.न.पा. २
श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा. ३
श्री हरिवंश चौलागाई ................. वडा अध्यक्ष भी.न.पा. ४
श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५
श्री नबिन कुमार लामा ................. वडा अध्यक्ष भी.न.पा. ६
श्री कैलाश कुमार श्रेष्ठ ............... वडा अध्यक्ष भी.न.पा. ७
श्री नकुल के.सी. ..........................वडा अध्यक्ष भी.न.पा. ८
श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा. ९
श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य
श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,
श्री सुमन सुनाम ..................... .कार्यपालिका सदस्य,
श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,
श्री गौरी थामी .......................... कार्यपालिका सदस्य,
श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,
श्री जमुना श्रेष्ठ ......................... कार्यपालिका सदस्य,
श्री किरण वली..................... . कार्यपालिका सदस्य,
श्री रामचन्द्र पौडेल ........................उपसचिव (शिक्षा) आमन्त्रित
श्री माधव प्रसाद सुबेदी ...................प्रशासकीय अधिकृत बैठक ब्यबस्थापक

मिति: २०७७/१०/२७ गते
समय: बिहान ८:३० बजे
स्थान : महांकाल सदन

**नगर कार्यपालिकाको ६५औ बैठकका निर्णयहरु :**

+**निर्णय नं. १:-** यस नगरपालिका क्षत्रमा हुने बिपन्न परिवार पहिचान कार्यक्रमको विवरण संकलन गर्दा यस नगरपालिकालाई अत्यावश्यक पर्ने केहि सूचना समेत संकलन गर्न उपुक्त हुने भएकोले थप सूचक कार्यालयबाट तयार गरी विपन्न घरपरिवार पहिचान कार्यक्रमसगै सुचना संकलन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:-** भीमेश्वर नगरपालिकाको चरिकोट बजार र दोलखा बजारबाट संकलन गरिने फोहरमैला व्यवस्थापन हाल ए.डी.वि. फोहरमैला कवाडी प्रोसेसिंग एण्ड अर्गानिक मल उत्पादन केन्द्र भीमेश्वर नगरपालिका वडा नं ७ संगको साझेदारीमा गर्दै आएको र उक्त क्षेत्रमा कार्यरत सवारी चालक २ जना र कुचिकार ८ जनाले कोरोना भाईरस (कोभिड १९) को महामारीमा समेत नियमित रुपमा फोहरमैला संकलन गर्ने कार्य गरेकोले निजहरुलाई २०७७ सालको चाडपर्व खर्च वापतको खाईपाई आएको मासिक पारिश्रमिक बराबर सवारी चालक २ जनाको मासिक रु १९,८०० ले जम्मा रु ३९,६००/- र कुचिकार ८ जनाको मासिक रु १५,०००/- क दरले जम्मा रु १,२०,०००/- समेत कुल जम्मा रु १,५९,६००/- (एक लाख उनान्साठी हजार छ सय मात्र) नगरपालिकाको तर्फबाट उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ३ :-** नेपाल सरकारको शर्सत अनुदानमा राष्ट्रिय र स्थानीय मह्त्वका खाद्यय तथा पोषण सुरक्षामा टेवा पुर्याउने वाली, बस्तुको साना व्यवसायिक कृषि उत्पादन केन्द्र, पकेट विकास कार्यक्रमको लागि २४ लाख रुपैया विनियोजन भएकाले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन कार्यविधि अनुसार किवी पकेट क्षत्र कार्यक्रम श्री टाँगनागी कृषक समुह भीमेश्वर नगरपालिका ६ र भीमेश्वर र श्री सेतीचन्द्रभुमे प्राङगारीक कृषि सहकारी संस्था लि. भीमेश्वर नगरपालिका ९, लाई ५० प्रतिशत लागत सहभागीतमा कार्यक्रम संचालन गर्ने गरी योजना छनौट गर्ने निर्णय गरीयो ।

**निर्णय नं. ४ :-** चालु आ.ब.०७७/७८ मा बिनियोजित बजेट तथा कार्यक्रम देहाए बमोजिम संसोधन तथा रकमान्तर गर्ने निर्णय गरियो ।

**तपशिल**

| क्र.स. | स्वीकृत योजनाको नाम र स्थान | विनियोजित बजेट रु | रकमान्तर /संसोधित /योजनाको नाम र स्थान | रकमान्तर / संसोधित बजेट रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | चोथाङ कुल देवता – पूरानोबाटो | रु.३,००,०००/ | मानेडाड़ा गोरेटोबाटो | ३,००,०००/- | वडा को |

| | | | | | |
|---|---|---|---|---|---|
| | निर्माण (वडा नं.६ ) | | निर्माण (वडा नं.६ ) | | सिफारिस |
| २ | महिला तथा दलित सिप विकास कार्यक्रम | रु.२,००,०००/ | (क) दौरा सुरुवाल सिलाई तालिम<br>(ख) महिला आय आर्जन कार्यक्रम | रु.१,००,०००/-<br>रु.१,००,०००/- | वडा को सिफारिस (वडा नं.६) |
| ३ | नेवारी भाषाको पुस्तक तथा पत्रपत्रिका प्रकाशन | रु.२,००,०००/ | (क) नेवारी भाषा पत्रिका<br>(ख) समसामयिक पुस्तक | रु.१,००,०००/-<br>रु.१,००,०००/- | वडा को सिफारिस (वडा नं.२) |
| ४ | चाथली चिसापानी मैदाने सडक स्तरोन्नति | रु.४,००,०००/ | (क) रातमाटे-थामिघाट बाटो<br>(ख) चाथली-त्रिपुरासुन्दरी आ.बि.गोरेटो बाटो<br>(ग) गैरी सुबेदी घाट निर्माण | रु.१,५०,०००/-<br>रु.१,५०,०००/-<br>रु.१,००,०००/- | वडा को सिफारिस (वडा नं.२) |
| ५ | रासायनिक मल खरिद तथा ढुवानी कार्यक्रम | रु.२,००,०००/ | उन्नत तथा स्थानीय जातका बिउ बिजन खरिद , | रु.२,००,०००/ | वडा को सिफारिस |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | जिलु साना किसान | | (वडा नं.४) |

**निर्णय नं. ५** :- बिनियोजन ऐन २०७७ को ब.शि. नं. ३११५९ मा विनियोजित रु.२४,००,०००/- वडास्तरमा कृषि उपज सङ्कलन केन्द्र तथा हाट बजार निर्माण कार्यक्रम शिर्षकको रकम मध्ये तपशिलका वडाहरुमा तपशिल बमोजिमको रकम बिनियोजन गरी कृषि उपज सङ्कलन केन्द्र निर्माण गर्ने निर्णय गरियो ।

| | | | | |
|---|---|---|---|---|
| १ | कृषि उपज सङ्कलन केन्द्र | वडा नं. ४ जिलु | रु ६,००,००० /- | |
| २ | कृषि उपज सङ्कलन केन्द्र | वडा नं. ८ बोच | रु ६,००,००० /- | |
| ३ | कृषि उपज सङ्कलन केन्द्र | वडा नं. ९ लाँकुरी डाँडा | रु ६,००,००० /- | |

बिबिध

(क) दोलखा डान्स क्रुले २०७७ माघ ३० गते दोलखा डान्स च्याम्पियन नामक साँस्कृतिक प्रतियोगिता सन्चालन गर्ने भएकोले संघ संस्था सहयोग शिर्षकबाट रु २५,०००/-(पच्चीस हजार) उपलब्ध गराउने ।

(ख) यस नगरपालिका वडा नं.८ स्थित चित्रेश्वर महादेव मन्दिर उपभोक्ता समितिले उक्त मन्दिरमा रेलिङ ब्यबस्थापनका लागि अनुरोध गरेकोमा मर्मतसम्भार शीर्षकबाट रु ७५,०००/-(पचहत्तर हजार ) उपलब्ध गराउने ।

(ग) यस नगरपालिका रचनाचौर खानेपानी उपभोक्ता समिति भीमेश्वर ८ लाई एक घर एकधारा कार्यक्रम शीर्षकबाट रु १,००,०००/- (एकलाख) उपलब्ध गराउने ।

(घ) यस नगरपालिका वडा नं. ७ बगर स्थित होक्तांङ घाट उपभोक्ता समितिले उक्त घाट ब्यबस्थापनका लागि अनुरोध गरेकोमा साँस्कृतिक संरक्षण शीर्षकबाट रु ४०,०००/-(चालिस हजार ) उपलब्ध गराउने ।

(ङ) यस नगरपालिका वडा नं. ७ स्थित गैरीगाउँमा स्थानीय बालबालिका लक्षित खेल मैदान निर्माण उपभोक्ता समितिले अनुरोध गरेकोमा महिलासँग उपमेयर शीर्षकबाट रु ४०,०००/-(चालिस हजार ) उपलब्ध गराउने ।